# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## चौरीदेउराली गाउँपालिका, काभ्रेपलाञ्चोक

## आर्थिक वर्ष २०७५।७६

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं

***Serving the N***

***and***

***the Peopl***

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

## (बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या : २०७६/७७ मिति : २०७६/०३/२७

च.नं : ७७७

श्री चौरीदेउराली गाउँपालिका,
काभ्रेपलाञ्चोक ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यापालिकाको आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ। उक्त प्रतिवेदन लेखापरीक्षण एने, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



**टंकमणि शर्मा, दंगाल**
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखा परीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७५।७६ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन, नियम समेतको आधारमा सम्पन्न गरिएको छ। लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जूमा एबं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न भएपश्चात् जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरी राय सहितको अन्तीम प्रतिवेदनजारी गरिएको छ । प्रतिबेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितब्ययीता, दक्षता र प्रभावकारीता आउने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रर्बद्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ सङ्कलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात् बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्याधिक प्रशासनिक खर्च गरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रबृति देखिएका छन । विकास निर्माणतर्फ योजना प्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् । स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गत विगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारबाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो। लेखापरीक्षणको क्रममा स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय ब्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु। स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु। आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।
२०७७ आषाढ २७ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

**(बाग्मती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)**

पत्र संख्या: ०७६।७७ च.नं.९३९ मिति: २०७७/०३/२५

श्री प्रमुखज्यू,
चौरीदेउराली गाउँपालिका,
काभ्रेपलाञ्चोक ।

**विषय: लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय :** हामीले चौरीदेउराली गाउँपालिकाको आर्थिक वर्ष २०७५/७६ को वित्तीय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य विवरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.२ करोड ४४ लाख १८ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.८० लाख २९ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड ५ लाख ८ हजार नियमित गर्नुपर्ने रु.५६ लाख ५६ हजार पेश्की बाँकी रु.२ लाख २५ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६। १० । ७ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना १९ (उन्नाईस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, गाउँ प्रमूख र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **परिचय :** नेपालको संविधानमा राज्यको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने उल्लेख भए तथा स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्नु, स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्ने उद्देश्य सहित २०७३ फाल्गुण २७, २०७४ जेठ ११ र जेठ १८ को नेपाल राजपत्रको सूचना अनुसार स्थापना भएको यो गाउँ कार्यपालिका प्रदेश नम्बर ३ काभ्रेपलाञ्चोक जिल्लाको ढाडखर्कमा रहेको छ । | |
| १. | **स्थानीय संचितकोष :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाउँपालीकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आयव्यय हिसावको आर्थिक वर्ष २०७५।०७६ को संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ । | |

| सि.नं. | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १. | **गत वर्षको जिम्मेवारी** | | ३६१७३८६६.३१ | १. | **चालु खर्च** | | २४०१९३७६८.२७ |
| | क) नगद | ० | ० | २. | **पूँजीगत खर्च** | | १६४५६३९६७ |
| | ख) बैंक | ३६१७३८६६.३१ | ० | ३. | **धरौटी फिर्ता** | | ३८७०२२ |
| २. | **राजस्व (आन्तरिक आय)** | | ६२६४२०९७.८२ | ४. | **कोष खर्च** | | १४२२००० |
| | क) आन्तरिक राजस्व | २४६९१३२.११ | ० | ५. | **संघिय शसर्त फिर्ता** | | १८८७५६९०.२० |
| | ख) राजस्व बाँडफाँड | ४५८५३८९१.२१ | ० | | **मौज्दात** | | ४५६२६१२९.७० |
| | ग) अन्य आय | १४३१९०७४.५० | ० | | क) नगद मौज्दात | | ० |
| ३. | **वित्तीय हस्तान्तरण** | | २६१०६६००० | ६. | ख) बैंक मौज्दात | ४५६२६१२९.७० | ० |
| | क) वित्तीय समानीकरण अनुदान | ७६५००००० | ० | | | | |
| | ख) सशर्त अनुदान | १८४५६६००० | ० | | | | |
| ४. | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | ४३११५००० | | | | |
| | क)वित्तीय समानीकरण अनुदान | ७७१२००० | ० | | | | |
| | ख) सशर्त अनुदान | ३५४०३००० | ० | | | | |
| ५. | **विभिन्न कोषतर्फको आय** | | ३९५५००० | | | | |
| ६. | **विषयगत निकायबाट प्राप्त रकम** | | १०११०००० | | | | |
| ७. | **सामाजिक सुरक्षा कार्यक्रम** | | ५००४२००० | | | | |
| ८. | **धरौटी आय** | | १८०६३९९.३७ | | | | |
| ९. | **अन्य विविध आय** | | २१५८२१३.६७ | | | | |
| | **जम्मा** | | **४७१०६८५७७.१७** | | | **जम्मा** | ४७१०६८५७७.१७ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १.१. | **बैंक हिसाब** -कार्यालयको खाता हिसाव र वैंक हिसाव एक आपसमा भिडान गर्नुपर्ने व्यवस्था छ । कार्यालयले पेश गरेको विवरण अनुसार यस वर्षको बर्षान्तमा श्रेस्ता अनुसार मौज्दात रु. ४ करोड ५६ लाख २६ हजार देखिएकोमा बैंक विवरण अनुसार रु.४ करोड ६१ लाख ६७ हजार मौज्दात देखिएको छ । फरक सम्बन्धमा एकिन हुनुपर्दछ । | |
| २. | **लेखापरीक्षणको क्रममा असुली :** लेखापरीक्षणको क्रममा बेरुजु औंल्याए पश्चात वडा नं. ६ को व्यवस्थापन खर्चमा नपुग बिलको रकम रु.११०६६४। र प्रधानमन्त्री रोजागर कार्यक्रमको रु.४६६५ गरी जम्मा रु.११५३२९ दाखिला भएको छ । | |
| ३. | **खर्च गर्ने अख्तियारी र कार्यविधि :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । गाउं सभाले २०७५/३/३० मा वजेट पारित गरकोले अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी २०७५/४/६ मा दिएको पाईयो । अख्तियारी वमोजिम वजेट तथा कार्यक्रम कार्यान्वयन गर्नु पर्दछ । | |
| ४. | **बजेट पेश तथा पारित गर्ने :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाको सभाले मिति ०७५ असार ३० गते रु.३८ करोड ८९ लाख १४ हजार बजेट, नीति तथा कार्यक्रम पारित गरेकोमा २०७५/१२/२८ सभाबाट रु.४१ करोड ६१ लाख १४ हजारको संशोधित बजेट पारित गरेको छ। त्यस्तै आ.व २०७६।७७ को बजेट पारित गर्ने शिलशिलामा मिति २०७६/३/३० को सभाबाट आ.व. २०७५।०७६ को खर्च रु.४० करोड ४७ लाख ५७ हजार अनुमोदन गरेको छ। स्थानीय तह संचालन ऐन, २०७४ वमोजिम योजना तथा कार्यक्रमगत रुपमानै सभामा छलफल गरी वजेट, नीति तथा कार्यक्रम पारित गरी कार्यान्वयन गर्नु पर्दछ। | |
| ५. | **दरबन्दी तथा जनशक्ति :** गाँउपालिकाले उपलब्ध गराएको विवरण अनुसार कार्यालय तर्फ कुल दरवन्दी ४५ रहेकोमा १२ कार्यरत रहि ३३ रिक्त रहेको पाईयो। पदहरुमा दरबन्दी अनुसार पदपूर्ति नभएकोले सेवा प्रवाहमा असर गरेको अवस्था देखिन्छ। तसर्थ पदपूर्ति तर्फ सम्बन्धित निकायको ध्यान जानु पर्दछ। | |
| ६. | **कानुन निर्माण :** स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार स्थानीय तहले कानुन निर्माण गरी कार्यान्वयन गर्नुपर्ने एवम् न्यायकि कार्य सम्पादन गर्नुपर्ने व्यवस्था भए अनुसार नमुना कानुन निर्माण गरेको एवम् न्यायिक कार्य गरेको उल्लेख गरेतापनि संख्यात्मक विवरण उपलब्ध नभएकोले विश्लेषण गर्न सकिएन। | |
| ७. | **आन्तरीक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ। गाउंपालिकाले यस किसिमको कार्यविधि वनाएको छैन। जसवाट कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन समस्या परेको स्थिति रहेको छ। आन्तरीक नियन्त्रण सम्वन्धि अन्य व्यहोराहरु देहाय बमोजिम उल्लेख छ।<br>• प्रत्येक कर्मचारीका पदको कार्यविवरण वनाई लागू नगरेको। (निजामति सेवा ऐन, २०४९ को दफा ५)<br>• उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमको पहिचान, निराकरण नगरेको (आर्थिक कायविधि नियमावली, २०६४ को नियम ९५)<br>• भुक्तानी भएका सबै विल भरपाईहरुमा भुक्तानी जनाउने छाप नलगाएको ( आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३५)<br>• मर्मत अभिलेखको लागि म.ले.प.फा.नं. २ राख्ने नगरेको,<br>• जिन्सी निरीक्षण प्रतिवेदन वमोजिम मर्मत तथा लिलाम गर्नु पर्ने भनी उल्लेख भएकोमा सो को कार्यान्वयन नभएको (आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५०.३),<br>• प्राविधिक जाँचपास, कार्य सम्पन्न प्रतिवेदन लगायतका कागजातहरुमा स्वीकृत मितिहरु उल्लेख गर्ने नगरेको,<br>• कन्टेन्जेन्सी बापत रकम कट्टी गर्दा ५ प्रतिशत सबै योजनाको कट्टी गर्ने गरेको,<br>• खर्चका बिल भर्पाईहरुको तेरीज बनाउने नगरेको ,<br>• कार्यालयले वर्षभरी सम्पादन गरेको कामको वार्षिक आर्थिक कारोवार प्रतिवेदन तयार नगरेको (आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९०.१ अनुसुची १४), | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • केही योजनाको लागत अनुमान तयार, स्वीकृति, नापी मूल्याङ्कन, ठेक्का विल, कार्य सम्पन्न प्रतिवेदन मा स्वीकृत गरेको मिति उल्लेख नगरेको,<br>• रु.२० हजार रुपैयाँ भन्दा बढी मूल्यका, मूल्य अभिबृद्धि कर लाग्ने मालसामान खरिद गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद खरीद गर्नु पर्नेमा नगरेको । (सार्वजनिक खरिद ऐन, २०६३ को दफा १९)<br>• भ्रमण अभिलेख खाता नराखेको ( भ्रमण खर्च नियमावली २०६४ को दफा २१)<br>• भ्रमणमा खटिने कर्मचारीहरुवाट भ्रमण प्रतिवेदन लिने नगरेको,<br>• अधिकार प्राप्त अधिकारीले भ्रमण आदेश स्विकृत गर्नुपर्नेमा नगरेको,<br>• कन्टिन्जेन्सी खाता अद्यावधिक गरी राख्ने नगरेको,<br>• सवारी लगबुक राख्ने नगरेको,<br>• यातायात खर्च भुक्तानी गर्दा स्पष्ट मापदण्ड र दररेट निर्धारण नगरेको,<br>• पेश्की माथि पेश्की दिने गरेको,<br>• सामान खरिद गर्दा तयार गरिने लागत अनुमानको आधार संलग्न गर्ने नगरेको ,<br>• नागरिकता, घरबाटो, नाता प्रमाणित, पञ्जीकरण दर्ताको सिफारिसको लगत अद्यावधिक नगरेको ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्नेमा गाउंपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख कायम भएका गाउँपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यस गाउँपालिका अर्न्तगत गाभिएका साविक गाउँविकास समितिहरुको हस्तान्तरण हुनु पर्ने सम्पूर्ण सम्पत्तिको अभिलेख जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिहरुको वेरुजुको अभिलेख व्यवस्थित गरेको देखिएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाउँपालिका प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलब्ध गराई सबै गाउँलिकाहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले उक्त विद्युतिय लेखा सञ्चालन गरेको छैन । ऐनको व्यवस्था बमोजिम विद्युतिय लेखा उपयोगमा ल्याउनुपर्दछ । | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>

• स्थानीय तह अन्तर्गतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले कर्मचारीको तलबी प्रतिबेदन पारित गरेको छैन । तलवि प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।<br>
• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालिन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले मध्यकालिन खर्च संरचना तयार गरेको देखिएन ।<br>
• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११० मा सदस्यले पद धारण गरेको र प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र आफ्नो परिवारको सदस्यको नाममा रहेको चल अचल सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण सम्वन्धित स्थानीय तहमा पेश गर्नुपर्ने व्यवस्था रहेकोमा कानूनी व्यवस्था अनुसार सम्पत्ति विवरण पेश गरेको देखिएन ।<br>
आन्तरिक नियन्त्रण व्यवस्थाले नियमितता, मितव्ययिता, पारदर्शिता र सेवा प्रवाहमा असर पर्ने भएकोले उल्लेखित नियमको प्रावधान पालना गरी उपर्युक्त विषयमा सुधार गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>७.१.</td><td>आन्तरिक लेखापरीक्षणः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७७ मा स्थानीय तहले कानून बमोजिम आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने र आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका कैफियत अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाको संगठनात्मक तालिकामा आन्तरिक लेखा परीक्षण शाखाको व्यवस्था भई पाँचौ तहको १ लेखापरीक्षकको दरबन्दी भएता पनि पदपूर्ति भएको छैन । आन्तरिक लेखापरीक्षण शाखामा पदपूर्ति नभएको अवस्थामा प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय वा जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालय वा स्थानीय तहले नियुक्त गरेको लेखापरीक्षकबाट आन्तरिक लेखा परीक्षण गराउनु पर्नेमा यस बर्ष कार्यालयले आन्तरिक लेखापरीक्षण गराएको छैन ।</td><td></td></tr>
<tr><td>७.२.</td><td>सम्भाव्यतता अध्ययन-आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ (१) मा पन्ध्र लाख रुपैया भन्दा बढी लागत पर्ने विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको समेत विचार गरी नेपाल सरकारबाट त्यस्तो आयोजना स्वीकृत भएको हुनुपर्ने व्यवस्था रहेको छ । कार्यालयबाट सन्चालित अधिकाश योजनाको सम्भाव्यता अध्ययन भएको देखिएन । सर्वेक्षण र सम्भाव्यता अध्ययनको अभावमा कार्यस्थलको वास्तविक अवस्था स्पष्ट नहुने, कार्यको परिमाण अनिश्चित हुने, हुन सक्ने हुँदा विस्तृत सम्भाव्यता अध्ययन गरेर मात्र योजना सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>७.३.</td><td>समन्वय : योजना संचालन गर्दा संघिय सरकार, प्रदेश सरकार अन्तर्गतका निकायबाट संचालित योजना र गाउँपालिकाबाट संचालित योजना बिच दोहोरोपना हुन नदिन आवश्यक समन्वय, सहयोगको प्रणाली स्थापित गरी कार्य गर्नुपर्नेमा सो भए गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>७.४.</td><td>पूंजीगत शिर्षकवाट चालु प्रकृतीका खर्च - कार्यालयले पूंजीगत शिर्षकको कार्यक्रम कार्यान्वयन गरेकोमा नमुना छनौट गरी विश्लेषण गर्दा कर्मचारीहरुको तलव खर्च रु.४४२७३५ तथा महिला स्वयम सेविकाको तलब रु.४८६००० खर्च गरेको देखियो । उक्त खर्च बजेट वर्गिकरण अनुरुप भएन ।</td><td></td></tr>
<tr><td>७.५.</td><td>लक्ष्य प्रगति : प्राप्त विवरण अनुसार यस वर्ष कार्यालयको वार्षिक लक्ष्य प्रगतिको स्थिती निम्नानुसार रहेको छ ।<br>
<table>
<tr><th rowspan="2">कार्यक्रम/ योजना</th><th rowspan="2">यो वर्ष कुल कार्यक्रम</th><th colspan="4">वार्षिक प्रगति स्थिति</th></tr>
<tr><th>शून्य प्रगति कार्यक्रम</th><th>२५% सम्म प्रगति भएका कार्यक्रम</th><th>५०% सम्म प्रगति भएका कार्यक्रम</th><th>७५% सम्म प्रगति कार्यक्रम</th></tr>
</table></td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| मूल कार्यक्रम सङ्ख्या | ४२ | ८ | २ | १ | १ |
| सहायक कार्यक्रम सङ्ख्या | ४४२ | १३ | २ | १ | १ |
| रकम | ३७८२७० | ११७७५ | ८५३ | १४४ | ३८० |

उपरोक्त अनुसार कार्यालयले यो वर्ष ४८४ कार्यक्रम संचालन गर्नुपर्नेमा २१ वटा कार्यक्रममा प्रगित शुन्य भएको छ। शुन्य प्रगती हुनुका कारण उल्लेख गरेको छैन। त्यस्तै ८ कार्यक्रममा ७५ प्रतिशत भन्दा न्युन प्रगति भएको छ। अत: कार्यालयले तोकिएको लक्ष्य हासिल गर्ने गरी कार्य योजना तयार गरी तद्अनुरुप क्रियाकलाप संचालन गर्नु पर्दछ।

७.६. **चौमासिक खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्विकृत भएको कार्यक्रममा नियम २४ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा ५ प्रतिशत, दोश्रो चौमासिकमा २० प्रतिशत र तेश्रो चौमासिकमा ७५ प्रतिशत खर्च गरेको देखिएको छ। यसरी नै आषाढमा ५१ प्रतिशत खर्च भई खर्चको चाप बढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। निर्माण कार्यको गुणस्तर र अनुगमनमा सहजता ल्याउन चौमासिक लक्ष्य तथा कार्य विभाजन अनुरुप खर्च व्यवस्थापनमा ध्यान दिनुपर्दछ।

| क.सं. | बजेट उपशीर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |
| १ | आन्तरीक श्रोत र वित्तिय समानीकरण संघ | १३७००३ | ७३०६ | ३०२२९ | ९९४६८ | ६८८४६ |
| २ | प्रदेश शसर्त अनुदान | १०७२१ | ० | ० | १०७२१ | १०७२१ |
| ३ | प्रधानमन्त्री रोजगार | २००१ | ० | ० | २००१ | २००१ |
| ४ | फो.पु | १००० | ० | ० | १००० | १००० |
| ५ | सडक बोर्ड | २८८ | ० | ० | २८८ | २८८ |
| ६ | निर्वाचन क्षेत्र पुर्वाधार | ५८७९ | ० | २५८४ | ३२९५ | १४७७ |
| ७ | प्रदेश समानीकरण | ७६७० | ० | ५०० | ७१७० | ० |
| | जम्मा | १६४५६२ | ७३०६ | ३३३१३ | १२३९४३ | ८४३३३ |
| | प्रतिशत | | ५ | २०.२ | ७५ | ५१.२४ |

७.७. **ठेक्का व्यवस्था :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० को उपनियम ३ बमोजिम वार्षिक कार्यक्रम कार्यान्वयन तालिका बनाउनुपर्ने तथा कार्यान्वयन हुने योजनाको लागत अनुमान तयारी स्वीकृत, निर्माण कार्य सम्पन्न गर्न अन्य निकाय सँग लिनुपर्ने सहयोगको लागि व्यवस्थापन तथा बोलपत्र आह्वान र ठेक्का पट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक भित्र गरी सक्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले सडक निर्माण शिर्षकका ३ ठेक्का व्यवस्था गरी यस वर्ष कार्यान्वयन गरेकोमा प्रथम र दोस्रो चौमासिकमा कुनै पनि ठेक्का व्यवस्था नभएको तथा तेस्रो चौमासिकमा ३ ठेक्का व्यवस्था भएका छन। ठेक्का व्यवस्था अन्तिम चौमासिकमा मात्र सम्झौता भई १ मात्र ठेक्का सम्पन्न भएको छ। अत: नियमावली बमोजिम तोकेको समयमा ठेक्का व्यवस्था तथा कार्यान्वयन गरी कार्य सम्पन्न गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

| क.सं. | कार्यक्रमको नाम | ठेक्का सम्झौता | | | | | | | | | | यस वर्ष सम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | आषाढ महिनाको मात्र | | | |
| | | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम |
| १ | सडक निर्माण | ३ | - | - | - | - | - | ३ | ६३४४ | - | - | १ | १३३९ |

७.८. **नापी किताब, ठेक्का बील:** यो वर्ष ठेक्का भएका योजनको रनिंग तथा अन्तिम बिल भुक्तानी गर्दा नापी किताब, ठेक्का सम्बन्धी बिल, कार्य सम्पन्न प्रतिवेदनमा ठेक्का नं., सम्झौता नम्बर कार्य सम्पन्न हुनुपर्ने मिति,बिलको क्रम संख्या कार्य सम्पन्न मिति उल्लेख गरेको छैन। ठेक्का सम्वन्धी भुक्तानीको महत्वपूर्ण कागजातको रुपमा रहेका नापी किताब, ठेक्का सम्वन्धी बिल, कार्य सम्पन्न प्रतिवेदनमा यस्ता विषयहरु उल्लेख नगर्दा ठेक्काको अभिलेख व्यवस्थापनमा कमजोरी रहने हुंदा नापी किताब, ठेक्का सम्वन्धी बिल तथा कार्य सम्पन्न प्रतिवेदन अद्यावधिक रुपमा राखिनु पर्दछ।

८. **लागत अनुमान/खरिद योजना:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा (५), (६) एवं सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (३), (८) बमोजिम खरिद कारवाहीको तयारी, खरिद कार्य

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>योजना, खरिदको प्रकार, बिधि, समय तालिका, खरिदको आर्थिक श्रोत, लागत अनुमान र खरिद आवश्यकताको पहिचान गरी खरिदको कुल बिबरण, परिमाण र क्षेत्रको यकिन गरी बार्षिक खरिद योजना र लागत अनुमान तयार गर्नुपर्नेमा कानूनी व्यवस्था बमोजिम खरिद योजना तयार गरेको देखिएन। खरिद योजना वेगर पटक पटक खरिद गरेको पाइयो।</td><td></td></tr>
<tr><td>९.</td><td>उपभोक्ता समितिको कार्यमा मु.अ.कर : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को (४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको का दिँदा मुल्यअभिवृद्धि कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ। गाउँपालिकाले मेशिनद्धारा काम गर्ने गरी लागत अनुमान तयार गरी माटो काट्ने काममा समेत उपभोक्तालाई मुल्य अभिवृद्धि कर समेतको रकम भुक्तानी दिएको छ। मुल्यअभिद्धि कर भुक्तानी दिँदा उपभोक्ता समितिले तिरेको वास्तविक मुल्यअभिवृद्धि कर मात्र भुक्तानी दिने व्यवस्था गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>१०.</td><td>परामर्श सेवा : सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ मा सार्वजनिक निकायले आफ्नो जनशक्तिले नभ्याउने काम मात्र परामर्श सेवा लिन सकिने व्यवस्था गरेको छ। गाउँपालिकाले देहाय अनुसार योजनाको सम्भाव्यता अध्ययन लगायतका कार्यका लागि परामर्श सेवा लिएको देखिन्छ। नियमावलीको नियम ७ मा खरिदको गुरु योजना र नियम ८ मा बार्षिक खरिद योजना स्वीकृत गराई खरिद गर्नुपर्ने व्यवस्थाहरु उल्लेख रहेका छन। कार्यालयले निम्न कार्यमा एकमुष्ट लागत अनुमान तयार गरी शिलवन्दी वोलपत्रको माध्यमबाट प्रतिस्पर्धा गराएर कार्य गराउनु पर्नेमा सो बमोजिम नगरी प्रत्येक योजनाको योजनागत छुट्टा छुट्टै लागत अनुमान स्वीकृत गरेर सोझै दररेट लिई कार्य गराएको नियमित र मितव्ययी नदेखिएको रु.
<table>
<tr><th rowspan="2">क्र.सं.</th><th rowspan="2">कार्यक्रमको नाम</th><th rowspan="2">लागत अनुमान</th><th colspan="3">परामर्श खर्च रु हजारमा</th></tr>
<tr><th>गत वर्षसम्मको</th><th>चालु वर्षको</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>गाउपालिका गुरुयोजना तयारी</td><td>१९९६</td><td>०</td><td>१९९६</td><td>१९९६</td></tr>
<tr><td>२</td><td>अस्पताल भवन डीपीआर तयारी</td><td>४८५</td><td>०</td><td>४८५</td><td>४८५</td></tr>
<tr><td>३</td><td>सीसीटीभी जडान तथा मोबाइल एप्स गाउपालिका</td><td>४९०</td><td>०</td><td>४९०</td><td>४९०</td></tr>
<tr><td>४</td><td>सीसीटीभी जडान मोबाइल एप्स वडा कार्यालय</td><td>४९२</td><td>०</td><td>४९२</td><td>४९२</td></tr>
<tr><td>५</td><td>अनलाइन नोटिस तथा डिजिटल डिस्प्ले अफीस बोर्ड विथ एप्लिकेसन गाउपालिका</td><td>४८९</td><td>०</td><td>४८९</td><td>४८९</td></tr>
<tr><td>६</td><td>विद्युतीय हाजिरी तथा मोबाइल एप्स गाउपालिका र वडा कार्यालय</td><td>४९१</td><td>०</td><td>४९१</td><td>४९१</td></tr>
<tr><td>७</td><td>देउपोखरी पार्कको संरक्षण</td><td>३४८</td><td>०</td><td>३४८</td><td>३४८</td></tr>
<tr><td>८</td><td>चारीखोला र सुनकोशी खोला आइ इ इ (वित्तिय प्रदेश सरकार तर्फ)</td><td>८४९</td><td>०</td><td>८४९</td><td>८४९</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>५६४०</td><td>५६४०</td></tr>
</table></td><td>५६४००००</td></tr>
<tr><td>११.</td><td>आन्तरीक आय : स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५४ मा कानून बमोजिम बाहेक पालिकाले आफ्नो क्षेत्राधिकारभित्र कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था रहेको छ भने अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २(३) संग सम्वन्धित अनुसूची ३ मा स्थानीय तहले लगाउन सक्ने कर र गैर करको व्यवस्था गरेको छ। जस अनुसार कर तर्फ सम्पत्ति कर, घरबहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, भूमिकर (मालपोत), विज्ञापन कर, मनोरन्जन कर, व्यवसाय कर समेत ८ प्रकारका कर र गैर करतर्फ सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, दण्ड जरिवाना समेत ३ प्रकारका गैरकर लगाउन सक्ने व्यवस्था छ। गाउँपालिकाले आफनो आयको संभावित सबै श्रोतको संभावित परिमाण, संख्या, क्षेत्रफल एकिन गरी सभाले स्वीकृत गरेको दर अनुसार हुने आय एकिन गरेको छैन। कर बुझाउन आउनेसँग मात्र असुली गरेको छ। के कति असुल हुन सक्ने अवस्थामा छ भनी वस्तुपरक रुपमा अभिलेख व्यवस्थित गरेको छैन। आन्तरिक आय को सम्वन्धमा देखिएका अन्य व्यहोरा निम्नानुसार छन्</td><td></td></tr>
<tr><td>११.१.</td><td>आन्तरिक आयको रसिदगत अभिलेख नराखेको, एव दैनिक आम्दानी खाता, बैंक दाखिला खाता लगायतका साविक म.ले.प.फा.नं. १०८,१०९ र २३ अद्यावधिक नगरेको कारण रसिदगत आम्दानी भिडान हुने अवस्था छैन।</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>११.२.</td><td>परामर्श समिति : स्थानीय सरकार सञ्चालनऐन २०७४ को दफा ६५ मा राजस्व सम्वन्धी परामर्शको लागि एक स्थानीय राजस्व परामर्श समिति रहने व्यवस्था छ । उक्त समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत राजस्व सम्वन्धी कानूनको तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालनाका सम्वन्धमा आवश्यक परामर्श दिने, राजस्वको स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने, राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण गर्ने र अनुमान गर्ने लगायतका कार्यहरु तोकिएको छ । राजस्व परामर्श समितिको कार्यहरुलाई थप प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>११.३.</td><td>गाउँपालिकाको आफ्नो क्षेत्रभित्रको ढुङ्गा बालुवा र गिट्टी विकी गर्नको लागि जिल्ला समन्वय समितिबाट स्वीकृत त्इच बमोजिम प्रारम्भिक बातावरणिय परिक्षण त्भ्भ् प्रतिवेदन २०७५ जिल्ला स्तरिय प्रारम्भिक वातारणिय परिक्षण पुनरावलोकन तथा सिफारिस २०७५।८।२ मा स्वीकृत गरी राजस्व परामर्श समितिको २०८५।८।३ को सिफारिसमा शुल्क निर्धारण गरी निम्न क्षेत्रको सिलबन्दी बढाबढको प्रथम पटक सुचना प्रकासित भएकोमा कुनै पनि सिलबन्दी बढाबढ पर्न नआएकोले पुन मिति २०७५।९।९ दोस्रो पटक सुचना प्रकासित गर्दा पनि कुनै प्रस्ताव पेश भएको देखिएन ।
<table>
<tr><th>ठेक्का नम्बर</th><th>संकलन स्थान</th><th>अनुमानित रकम</th></tr>
<tr><td>१।०७५।०७६</td><td>सुनकोशी नदी क्षेत्रको खहरेघाट बगर खहरे खोला बगर र पचुवार घाट बगर</td><td>२,१२,८७,१३६/</td></tr>
<tr><td>२।०७५।०७६</td><td>सुनकोशी नदी क्षेत्रको रानी दह बगर र दोभान बगर</td><td>२,०५,१२,१७०/</td></tr>
<tr><td>३।०७५।०७६</td><td>चौरीखोला क्षेत्रको वैरेलु बगर कोइली बगर</td><td>४८,८८,२२७/</td></tr>
</table></td><td></td></tr>
<tr><td>११.४.</td><td>कार्यपालिकाको २०७५।९।२६ को निर्णय बमोजिम गाउपालिकाको प्रत्यक्ष संलग्नता रहने गरी साविकको मुल्यमा ५० प्रतिशत घटी रकममा अमानतबाट काम गराउन केही फर्मसंग प्रस्ताव माग गर्न ७ दिने सुचना प्रकासन गर्ने निर्णय गरे बमोजिम २०७५।९।२९। मा शिलबन्दी (अमानत) सुचना प्रकासन गरेकोमा ट्रिमेनीबेसी मैसाढ बगरको लागि निभा निर्माण सेवाले रु.६४५१००। मा कबोल गरेको र बांकी ८ स्थानको लागि बोलपत्र नपरेको भनी उल्लेख गरेको छ ।
<table>
<tr><th>सि न</th><th>संकलन स्थान</th><th>अनुमानित रकम</th><th>कबोल गर्ने फर्म</th><th>कबोल रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>ट्रिमेनीबेसी मैसाढ बगर</td><td>६४५०००</td><td>निभा निर्माण सेवा</td><td>६४५१००</td><td>परेको</td></tr>
<tr><td>२</td><td>जखाडीबगर वडा न. ६</td><td>७५०००००</td><td>०</td><td>०</td><td>बोलपत्र नपरेको</td></tr>
<tr><td>३</td><td>दोभानटार बगर वडा नं ७</td><td>२८०००००</td><td>०</td><td>०</td><td>बोलपत्र नपरेको</td></tr>
<tr><td>४</td><td>खहरेघाट बगर वडा न.८</td><td>९००००००</td><td>एस वि कन्स्ट्रक्सन</td><td>९००००००</td><td>सम्झौता गर्न नआएको</td></tr>
<tr><td>५</td><td>पचोरघाट बगर वडा नं ८</td><td>१००००००</td><td>०</td><td>०</td><td>बोलपत्र नपरेको</td></tr>
<tr><td>६</td><td>कोईली बगर</td><td>७५०००००</td><td>०</td><td>०</td><td>बोलपत्र नपरेको</td></tr>
<tr><td>७</td><td>भुलबेसी बगर देखि वैरलु बगरसम्म आसपास</td><td>५७५०००</td><td>०</td><td>०</td><td>बोलपत्र नपरेको</td></tr>
<tr><td>८</td><td>काभ्रेको नाका बगर देखी खुदुने बगर सम्म</td><td>५७५०००</td><td>०</td><td>०</td><td>बोलपत्र नपरेको</td></tr>
<tr><td>९</td><td>लाम बगर आम्बोटे बगर</td><td>५७५०००</td><td>०</td><td>०</td><td>बोलपत्र नपरेको</td></tr>
<tr><td></td><td></td><td></td><td>०</td><td>०</td><td>बोलपत्र नपरेको</td></tr>
</table></td><td></td></tr>
<tr><td>११.५.</td><td>रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२० को दफा ६ मा बढाबढ बोल कबुल अंकको सयकडा पाँच प्रतिसतका दरले हुने रकम बैंक डिपोजिट राख्नु पर्ने उल्लेख गरेकोमा ट्रिम्रेनी बेसी मैसाढ बगरको ठेक्का कबोल गर्ने निभा निर्माण सेवा र खहरेघाट बगर वडांन ८ को ठेक्का कबोल गर्ने एस वि कन्स्ट्रक्सनले नियम बमोजिम कबोल अंकको पांच प्रतिशत बैंक डिपोजिट गरेको हुनुपर्नेमा बैंक डिपोजिट नै नगरी ठेक्का बोल कबोल गरेको छ । खहरेघाट बगर वडांन ८ को ठेक्का कबोल गर्ने एस वि कन्स्ट्रक्सन ले सम्झौता गर्न नआएको भनी उल्लेख गरेको छ । नियम अनुसार बैक जमानत नलिएको कारण ठेक्का कबोल गरी सम्झौता गर्न नआएको अवस्थामा पनि कार्यालयबाट कुनै कारवाही गर्न सकेको देखिएन । कबोल अंक रु.९०००००० को ५ प्रतिशतले हुने रु.४५०००० सम्म पनि असुल हुन नसकेको रु.</td><td>४५००००</td></tr>
<tr><td>११.६.</td><td>ट्रिम्रेनी बेसी मैसाढ बगरको बढाबढ कबोल गर्ने निभा निर्माण सेवासंग रु.६४५१०० मा मुल्य अभिबृद्धि कर समेत रु.७२८९६३। मा सम्झौता गरेकोमा ठेक्का कबोल अंकको पहिलो किस्ता ५५ प्रतिशत रु.३५५०००। दोस्रो किस्ता २५ प्रतिशत रु.१६१२७५। २०७५फागुण मसान्त भित्र र अन्तिम किस्ता २० प्रतिशत रु.१२८८२५। २०७६जेष्ठ मसान्त भित्र दाखिला गर्नुपर्ने उल्लेख गरेको छ । ठेक्का कबोल गर्न निर्माण व्यवसायीसंग सम्झौता गर्दा रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२० को दफा १४ बमोजिम बैंक जनमान वा नगद रुपैया डिमोजिट लिनु पर्नेमा सो नलिइ नै ठेक्का सम्झौता गरेको देखियो । ठेकका कबोल गर्न निर्माण व्यवसायीले पहिलो किस्ताको रकम दाखिला</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>गरेको र सम्झौता अनुसार बुझाउनु पर्ने बांकी रु.२९०१००। र मुल्य अभिबृद्धि कर रु.८३८६३। हाल सम्म पनि कार्यालयमा दाखिला नगरेकोले रकम र सरकारी ठेक्का बन्दोबस्ती ऐन, २०२० को दफा २७ बमोजिम ठेकेदारबाट लिनुपर्ने बांकी र त्यसको दश प्रतिशत सुद कार्यालयले एकिन गरी असुल गर्नपर्ने रु.
<table>
<tr><th>संकलन गर्ने स्थान</th><th>कबोल कर्ता फर्म</th><th>कबोल अंक मु अ कर समेत</th><th>दाखिला रकम</th><th>नपुग दाखिला गर्नुपर्ने रकम</th><th>मु अ कर</th><th>जम्मा</th></tr>
<tr><td>ट्मिेनी बेसी बगर</td><td>निमा निर्माण सेवा</td><td>७२८९६३/</td><td>३५५०००/</td><td>२९०१००.</td><td>८३८६३/</td><td>३७३९६३/</td></tr>
</table></td><td>३७३९६३</td></tr>
<tr><td>११.७.</td><td>तेस्रो पटक सुचना प्रकासित गर्दा पनि कुनै बोल कबोल नपरेको स्थानको लागि गाउपालिको प्रत्यक्ष संलग्नतामा अमानतबाट काम गराउन सुचना आह्वान गर्दा पनि एक स्थानको मात्र बोल कबोल सकारेकोले पुनःमिति २०७५।१०।२९ को कार्यापालिकको बैठकबाट यस अघि मिति २०७५।९।२६ को बैठकले तोकेको अंक र क्षेत्रलाई निम्न अनुसार ७ क्षेत्र र रकममा संशोधन गरी सुचना प्रकासित गरेको छ । अमानतबाट बढाबढको सुचना प्रकासित गर्दा समेत ४ स्थानको लागि ३ फर्मले बोल कबोल गरेको स्वीकारेको देखियो । अमानतबाट छनौट भएको निम्न फर्म वा कम्पनीहरुसंग ऐनको दफा ६ बमोजिम कबोल अकंको पाँच प्रतिशत बैंक डिपोजिट नलिएको र बोल कबोलको सम्झौता गर्दा पनि ऐनको दफा १४ बमोजिम बुझाउन बांकी रकमको बैंक जमानत वा नगद रुपैया डिपोजिट लिनु पर्नेमा कार्यालयले नियम अनुसार बैंक जमानत वा नगद डिपोजिट नै नलिई बोल कबोल ठेक्का सम्झौता गरेको छ ।
<table>
<tr><th>सिन</th><th>संकलन स्थान</th><th>अनुमानित रकम</th><th>संशोधन गरी हाल कायम</th><th>कबोल गर्ने फर्म</th><th>कबोल अंक मु अ कर समेत</th></tr>
<tr><td>१</td><td>खहरेघाट वगर</td><td>९००००००/</td><td>७५०००००/</td><td>कोशीपारी रोडा ढङ्गा उद्योग</td><td>८४७६१३०/</td></tr>
<tr><td>२</td><td>जखाडी बगर</td><td>७५०००००/</td><td>५०००००० /</td><td>०</td><td>०</td></tr>
<tr><td>३</td><td>पचुवारघाट</td><td>१००००००/</td><td>६०००००/</td><td>एस वि कस्ट्क्सान</td><td>६७८०५७/</td></tr>
<tr><td>४</td><td>दोभानटार</td><td>२८०००००/</td><td>१००००००/</td><td>मोतीदान कस्ट्क्सन</td><td>११३००००/</td></tr>
<tr><td>५</td><td>काभ्रेनाका खुदुनीबगर</td><td>५७५०००/</td><td>२०००००/</td><td>,,</td><td>२२६०००/</td></tr>
<tr><td>६</td><td>भुलबेसी बगर</td><td>५७५०००/</td><td>१०००००/</td><td>०</td><td>०</td></tr>
<tr><td>७</td><td>बैरलु बगर</td><td>-</td><td>१०००००/</td><td>०</td><td>०</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>११.८.</td><td>दोभानटार चौरीखोला र खुदनी बगर २ स्थानको बोल कबोल ठेक्का सम्झौता गर्ने मोतीदान कन्स्ट्रक्सनले सम्झौता अनुसारको मुल्य अभिबृद्धि कर रकम दाखिला गरेको छैन । खहरेघाट बगरको ठेक्का कबोलगर्ने फर्म कोशीपारी रोड ढुङ्गा उद्योग र पचुवाघाटलागि ठेक्का कबोल गर्ने एस वि कस्ट्क्सन एण्ड सप्लायर्सले सम्झौता अनुसार पहिला किस्ताको रकममात्र कार्यालयमा दाखिला गरेको बांकी २ किस्ता र मुल्य अभिबृद्धि कर वापतको रकम हाल सम्म पनि दाखिला गरेको छैन । रकम र सरकारी ठेक्का बन्दोबस्ती ऐन, २०२० को दफा २७ बमोजिम ठेकेदारबाट लिनुपर्ने बांकी र त्यसको दश प्रतिशत सुद कार्यालयले एकिन गरी असुल गर्नपर्ने रु.
<table>
<tr><th>संकलन गर्ने स्थान</th><th>कबोल कर्ता फर्म</th><th>कबोल अंक मु अ कर समेत</th><th>दाखिला रकम</th><th>दाखिला गर्नुपर्ने किस्ता रकम</th><th>दाखिला गनुपर्ने मु अ कर रकम</th><th>जम्मा दाखिला गर्नुपर्ने रकम</th></tr>
<tr><td>खहरेघाट बगर</td><td>कोशीपारी रोड ढुङ्गा उद्योग</td><td>८४७६१३०/</td><td>२४०००००/ पहिलो किस्ता मात्र</td><td>५१०१०००/</td><td>९७५१३०/</td><td>६०७६१३०/</td></tr>
<tr><td>खुदनी बगर</td><td>मोतीदान कन्स्ट्रक्सन</td><td>२२६०००/</td><td>२०००००/</td><td>०</td><td>२६०००/</td><td>२६०००/</td></tr>
<tr><td>दोभानटार चौरीखोला</td><td>,,</td><td>११३००००/</td><td>१००००००/</td><td>०</td><td>१३०००/</td><td>१३०००/</td></tr>
<tr><td>पचुवाघाट</td><td>एस वि कस्ट्रक्सन एण्ड सप्लायर्स</td><td>६७८०५७/</td><td>२०००००/ पहिलो किस्ता मात्र</td><td>४०००५०/</td><td>७८०००/</td><td>४७८०५०/</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>५५०१०५०/</td><td>१०९२१३०/</td><td>६५९३१८०/</td></tr>
</table></td><td>६५९३१८०</td></tr>
<tr><td>१२.</td><td>सेवा प्रवाह : प्राप्त विवरण अनुसार गाउँपालिकाले यस वर्ष स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार प्रवाह गरेको सेवाको स्थिती निम्नानुसार रहेको छ ।
<table>
<tr><th>क्र.</th><th>विवरण</th><th>सेवा प्राप्तिका लागि निवेदन संख्या</th><th>सिफारिस संख्या</th></tr>
<tr><td>१</td><td>नागरिकता सिफारिस</td><td>८८५</td><td>८५०</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td><table>
<tr><td>२</td><td>घरबाटो सिफारिस</td><td>४५</td><td>३५</td></tr>
<tr><td>३</td><td>नाता प्रमाणित</td><td>१४५</td><td>१३०</td></tr>
<tr><td>४</td><td>जन्म, मृत्यु दर्ता</td><td>१९०५</td><td>१८७५</td></tr>
<tr><td>५</td><td>अन्य</td><td>५३५</td><td>५१५</td></tr>
</table></td><td></td></tr>
<tr><td>१३.</td><td>पञ्किरण तथा सामाजिक सुरक्षा :</td><td></td></tr>
<tr><td>१३.१.</td><td>सामाजिक सुरक्षा कार्यक्रम : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) बमोजिम खर्च लेख्दा खर्चका विल भर्पाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष सचिवहरुलाई प्रथम, दोश्रो र तेश्रो सामाजिक सुरक्षा भत्ता पेश्की दिएकोमा  देहायका व्यहोरा देखिएका छन् ।</td><td></td></tr>
<tr><td>१३.२.</td><td>सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७२ को दफा २२ बमोजिम र आर्थिक वर्ष २०७४/०७५ बजेट वक्तव्य अनुसार सामाजिक सुरक्षा भत्ता रकम गाउँपालिकामा बैंक मार्फत गरिने गाउँपालिकमा बैंकिङ्ग सुविधा भए बैंक मार्फत भत्ता वितरण गरिने व्यवस्था मिलाउने उल्लेख छ । गाउँपालिकाको वडाका सचिवलाई पेश्की दिदैं भरपाईका आधारमा नगद वितरण गरेको देखिएकोले वितरण प्रणाली भरपर्दो र विश्वसनिय बनाउन अविलम्ब बैंकिङ्ग प्रणाली भएका क्षेत्रमा बैंक मार्फत वितरण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१३.३.</td><td>सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यबिधि, २०७२ को दफा ९ अनुसार गाँउपालिका वा नगरपालिकाले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहित अनुसूचि ५ बमोजिमको मूल अभिलेख अध्याबधिक गरी राख्नु पर्ने व्यवस्था छ । सामाजिक सुरक्षा पाउने व्यक्तिको नामनामेसी, नागरिकता नं., परिचय पत्र नं., फोटो आदि विवरण अद्यावधिक राखि मूल अभिलेख खाता व्यवस्थित गरी सोहि प्रमाणका आधारमा वित्तिय सूचना प्रणाली (MIS) मा डाटा अपलोड गर्दै दोहोरो नपर्ने गरी अभिलेख भिडान हुने गरी राख्नु पर्दछ । तर कार्यालयले मूल अभिलेख खाता वडा कार्यालयमा रहेको जनाई लेखापरीक्षणका लागि पेश नगरेको, अन्य विषयका हकमा उमेर पुरा भएपछिवा भत्ता पाउने भएपछि अभिलेखमा फोटो तथा ल्याप्चे नलगाई सोझै सफ्टवेयर इन्ट्री गरेको, सम्वन्धित वडाबाट नामनामेसी सहित अभिलेख व्यवस्थित गरी सिफारिस सहित कागजात प्राप्त भएपछि MIS मा प्रविष्ट गर्नुपर्नेमा सोझै गर्ने गरेको, अनुसूची ८ मा थप भएका र हराएका व्यक्तिको विवरण भरि प्राप्त नभएको केही नामनामेसी सफ्टवेयरबाट सोझै हटाउने र थप्ने कार्य भएको, वित्तिय सूचना प्रणालीमा सामान्य कुरा फरक भएमा समेत भिडान भई नामनामेसी प्रविष्ट गरेको, एउटै नागरिकता नं. भएकाको समेत MIS मा प्रविष्ट भएबाट वित्तिय सूचना प्रणाली भरपर्दो र विश्वसनिय नभएकाले सम्बन्धित निकायले सो प्रणालीमा भत्ता पाउनेको नामनामेसी दोहोरो नपर्ने गरी System बाट नियन्त्रण हुने गरी व्यवस्थित गर्नुपर्दछ । कार्यालयले वडा कार्यालय अनुगमन गरी भत्ता पाउने/नपाउने अभिलेख यकिन नगरेको, पञ्जिकरण अभिलेख (जन्म, मृत्यू, बसाई सराई) व्यवस्थित नभएको, मन्त्रालय/पंजिकरण विभागमा अनुसूची ८ (क) नपठाएको र अभिलेख समेत पेश नगरेबाट भिडान गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>१३.४.</td><td>कार्यालयले वडा नं. १ का वडा सचिव रामचन्द्र अधिकारीको गो.भौ.नं.१२/०७५/११/२२ बाट रु.१२६२४०० पेश्की फछ्र्यौट गरेको फाँटवारी परिक्षण गर्दा रु.१२५८४०० को वितरण भरपाइ पेश भएको र गाउँपालिका चालु खातामा रु.४००० फिर्ता गरेको बैंक भौचर संलग्न रहेकोमा बैंक नगदी किताबमा फिर्ता रकम प्रवृष्टि गरिएको छैन । यसरी बैंक नगदी किताबमा प्रवृष्टि नगरिएको रु.४००० संचित कोष फिर्ता नभएकोले उक्त रकम गाउँपालिका चालु खाताबाट बेरुजु दाखिला हुनुपर्दछ रु.</td><td>४०००</td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १४. | **स्थानीय तहका पदाधिकारी सुविधाः** नेपालको संविधानको धारा २२७ मा गाउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार प्रदेश नं.३ प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार गाँउपालिकाले देहाय बमोजिम सुविधा वापत भुक्तानी भएको छ । | |

| सि.नं. | विवरण | अध्यक्ष | उपप्रमुख | वडाअध्यक्ष | कार्यपालिका सदस्य | सभाका सदस्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | मासिक सुविधा | ३०००० | २५००० | २०००० | ६००० | ५००० | ५१७२००० |
| २ | सञ्चार सुविधा (मासिक दरमा) | १००० | १००० | १००० | | | ८८००० |
| ३ | बैठक भत्ता (बैठक संख्याको आधारमा) | ० | ० | ० | ० | ० | ० |
| ४ | इन्धन मासिक | बिल अनुसार | बिल अनुसार | २००० | | | २१६००० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १४.१. | **इन्धन खर्च :** कार्यालयले ९ वटा वडाका वडा अध्यक्षहरुलाइ इन्धन बापत मासिक रु.२००० का दरले गो.भौ.नं. १५५।०७६।२।१६ बाट रु.२१६००० भुक्तानी दिएको छ। वडा संचालन खर्चमा इन्धनको बिल समेत संलग्न रहेको पाइयो। वडा बाट इन्धन खर्च भुक्तानी भएको अवस्थामा मासिक रु.२००० का दरले उपलब्ध गराएको इन्धन बापतको रकम रु. | २१६००० |
| १५. | **कन्टिन्जेन्सी खर्च :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनसूची १ अनुसार कन्टिनजेन्सी खर्च को व्यवस्था गरेको छ। कन्टिन्जेन्सी खर्च मध्ये २% वर्कचार्ट स्टाफ खर्च र २% साना तथा अन्य खर्च गर्नुपर्ने व्यवस्था छ। कार्यालयबाट प्राप्त विवरण अनुसार कन्टेन्जेन्सी खर्च निम्नानुसार रहेका छन्। अत: कन्टिन्जेन्सी खर्चको योजनागत अभिलेखमा खर्च गर्न पाउने हद समेत खुलाई सानातिना आंकलन गर्न नसकिने निर्माण खर्चमा यस्तो खर्च गर्नुपर्नेमा चालु प्रकृतीका कार्यमा समेत खर्च गरेकोले यसमा नियन्त्रण गरी योजना सँग सम्बन्धित काममा मात्र खर्च गर्नुपर्दछ । | |

| क्र.सं. | कार्यक्रमको नाम | लागत अनुमान | कन्टेन्जेन्सी खर्च रु हजारमा | |
|---|---|---|---|---|
| | | | गत वर्षसम्मको | चालु वर्षको |
| १ | सडक निर्माण | ११५०४ | ० | १९४ |
| २ | भ्यु टावर निर्माण | ७०७९ | ० | १४ |
| ३ | अस्पताल भवन निर्माण | ५४९०० | ० | ६८९ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १६. | **खर्चको मापदण्ड :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ (६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययीयता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने भन्ने व्यवस्था छ। कार्यक्रम खर्च तर्फ नर्म्स स्वीकृत गरेको पाइएन। तसर्थ कार्यक्रम स्थल, दुरी समेतलाई ध्यान दिई अनुगमन र यातायात खर्च भुक्तानी गर्नुपर्ने अवस्था देखिएको छ। त्यस्तै विविध, सभा संचालन, बैठक भत्ता खर्च सम्बन्धी कार्यविधि एवं मापदण्ड स्वीकृत गराई खर्च गर्नुपर्ने देखिएको छ। | |
| | **प्रदेश सरकार शसर्त** | |
| १७. | **विल भर्पाई** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ वमोजिम अनुसार बिल भर्पाई सहितको लेखा राख्नु पर्दछ। कार्यालयले स्वास्थ्य चौकीहरुको सेवा सुशासन अभिवृद्धि सुदृढिकरणमा गो.भौ.नं.६/०७६/३/३१ बाट रु.४५०००० र गो.भौ.नं.६/०७६/३/३१ बाट रु.४५०००० गरी रु.९०००००/ विभिन्न स्वास्थ्य चौकी र स्वयम सेविका कोषमा अनुदान दिएकोमा सो खर्च सम्बन्धि बिल भरपाइ संलग्न रहेको छैन। सो अनुदान रकम कहाँ कसरी खर्च भएको हो एकिन गर्नका लागि सम्बन्धितबाट बिल भरपाइ पेश हुनुपर्दछ रु. | ९००००० |
| | **वित्तिय समानिकीकरण, राजश्व बाँडफाँड चालु** | |
| १८. | **बढी भुक्तानी :** गाउँपालिकामा स्थायी नियुक्ती भई आउनु भएका श्री अनिल कुमार जैसवाललाई दैनिक भ्रमण भत्ता बापत गो.भौ.नं.५०।०७५।८।२८ बाट रु.१३२०० भुक्तानी दिएको छ। दैनिक तथा भ्रमण भत्ता खर्चको बिलको जोड जम्मा रु.९६०० रहेको छ। बिलमा उल्लेखित भन्दा बढी भएको रकम असल हुनुपर्दछ रु. | ३६०० |
| १९. | **संचार खर्च :** वडा सचिव श्री निरञ्जन प्रसाद पोखेललाई रिचार्ज कार्ड बापत गो.भौ.नं.११०।०७५।११।२६ बाट रु.१६५०० भुक्तानी दिएको छ। वडा सचिवलाई रिचार्ज कार्ड प्रयोग गरे बापत भुक्तानी दिन मिल्ने देखिएन रु. | १६५०० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २०. | **बढी खर्च :** विद्युत महशुल बापत रु.३०५७१ र कार्यालय सामान बापत ६००० गरी गो.भौ.नं.१२३।०७५।१२।२४ बाट रु.३६५७१ खर्च लेखेको छ। स्रेस्तासाथ विद्युत महशुलको रु.३०५७१ र कार्यालय सामान बापत रु.१००० को मात्र बिल संलग्न छ । बिल भन्दा रु.५००० बढी खर्च लेखेको रु. | ५००० |
| २१. | **पदाधिकारी पेश्की :** गाउँपालिकाले वडा अध्यक्षहरुलाई वडा कार्यालय संचालनका लागि पेश्की उपलब्ध गराउने गरेको छ । वडा कार्यालयमा वडा सचिव रहँदा रहँदै जनप्रतिनिधिलाई पेश्की उपलब्ध गराउने सोधभर्ना दिने गर्नु आर्थिक अनुसाशनको दृष्टिले उपयुक्त देखिएन । यस्तो कार्य नियन्त्रण हुनु जरुरी छ । वडा कार्यालयमा सचिव पदपूर्ति पुर्ण रुपमा नभएकाले पदाधिकारीलाइ पेश्की दिएको भन्ने कार्यालयको भनाई रहेको छ । | |
| २२. | **जिन्सी दाखिला :** प्रदेश सरकारको आर्थिक कार्यविधि नियमति तथा व्यवस्थित गर्न बनेको ऐन, २०७४ को दफा २४ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी, सम्पत्तिको हकमा सोही दिन वा त्यसको भोलि पल्ट र जिन्सी मालसामानको हकमा ७ दिन भित्र तोकिएको स्थानमा दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ। वडा नं. ४ का वडा अध्यक्ष सुरेश लामाको रु.१००००० पेश्की फछ्र्यौट गरी जम्मा रु.२००००० खर्च लेखेको छ। उक्त खर्च मध्ये प्रिन्टर १ थान बापत रु.२८२००, टोनर १ थान बापत रु.७००० र कार्यालय सामान रु.७८९९० गरी गो.भौ.नं.१६१/०७६/३/२ बाट रु.११४१९० खर्च लेखेको छ। खरिद गरिएका सामान जिन्सी दाखिला फारममा फाँटवाला र शाखा प्रमुखको हस्ताक्षर छैन । कार्यालय प्रमुखको महलमा वडा अध्यक्षले हस्ताक्षर गरेको जिन्सी दाखिला फारम संलग्न छ। जिन्सी किताब वडामा रहेकोले जिन्सी किताब हेर्न सकिएन। फाँटवाला र शाखा प्रमुखको हस्ताक्षर नभएको जिन्सी सामान खरिद गरिएको भन्ने एकिन गर्न सकिएन रु | ११४१९० |
| २३. ए | **विल भर्पाई** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ अनुसार बिल भर्पाई सहितको लेखा राख्नु पर्दछ। विद्युत महशुल बापत गो.भौ.नं.१५४।०७६।२।१६ बाट रु.१५९४ खर्च लेखेको छ। विद्युत महशुलको बिल मात्र संलग्न रहेको छ । भरपाइ संलग्न छैन रकम बुझेको भरपाइ पेश हुनुपर्दछ रु. | १५९४ |
| २४. | **प्रमाण पेश :** वडा नं. १ का वडा सचिव राजु आले तामाङको कार्यालय संचालन पेश्की १५६/०७६/२/१६ बाट रु.१००००० फछ्र्यौट गरेको छ । कार्यसंचालन खर्च भएको भनि पेश्की फछ्र्यौट गरेता पनि दशैंको शुभकामना आदान प्रदानमा ग्रिनतारा साउण्ड एण्ड लाइट सर्भिस प्रालिको एकै दिनको ३ वटा बिल (बिल नं.२,३,४ ०७५।१२।२२) बाट रु.६०००० र सुदिप ड्रेस एण्ड टेण्ड हाउस बनेपा बापत स्टेज निर्माण बापत बिल नं.२७८,२८० २०७५/१२/२२ बाट रु.४०००० को बिल संलग्न रहेको छ। शुभकामना आदान प्रदान कार्तिक ३ मा भएको बिल चैत्र २२ मा बनेको छ । यति लामो समय सम्म भुक्तानी भएको देखिएन । शुभकामना आदान प्रदान कार्यक्रमको कार्यक्रम विवरण उपस्थिती, उपस्थितीको फोटो कुनै प्रमाण संलग्न छैन । अतः उक्त खर्च एकिन गर्न सकिएन रु. | १००००० |
| २५. | **विल भर्पाई** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ वमोजिम बिल भर्पाई सहितको लेखा राख्नु पर्दछ। वडा नं ४ का वडा अध्यक्ष सुरेश कुमार लामाको कार्य सम्पादन बापत भौ न २००/२०७६/३/२९ बाट रु.११८३६० पेश्की फछ्र्यौट गरेको छ। खर्च साथ बिल भरपाइ संलग्न हुनु पर्नेमा बिल भरपाइ संलग्न छैन। अतः बिल भरपाइ पेश हनुपर्दछ रु. | ११८३६० |
| २६. | **बढी भुक्तानी :** वडा नं. ८ का वडा सचिव रामचन्द्र अधिकारीलाई कार्यालय संचालन खर्च बापत रु.३००००० मा अग्रिम कर रु.४५५० कट्टी गरी गो.भौ.नं.१९७/०७६/३/२३ बाट रु.२९५०० भुक्तानी दिएको छ । वर्षैभरी कार्यालय संचालनको रकम कर्मचारीले खर्च गरी असाढमा भुक्तानी दिएको देखियो। स्रेस्ता साथ रु.२७०४९२ को मात्र बिल संलग्न रहेको छ। बिल भन्दा बढी रु.२९०५८ खर्च लेखेको छ। त्यसैगरी रिचार्ज कार्डको रु.२४००० को बिल संलग्न छ। रिचार्ड काडको बिल भुक्तानी दिन मिल्ने देखिएन। अतः उक्त दुवै रकम असुल हुनुपर्दछ रु. | ५३०५८ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **शिक्षा तर्फ** | |
| २७. | **तलबी प्रतिवेदन :** विद्यालयमा कार्यरत शिक्षकलाई तलब भत्ता निकाशा दिँदा विद्यालय किताबखानाबाट तलबी प्रतिवेदन पारित गरी निकाशा दिनुपर्नेमा तलबी प्रतिवेदन पारित नगराई निकाशा दिएको छ । त्यसैगरी शिक्षकलाई तलब भत्ता निकाशा दिँदा विद्यालयबाट तलब भत्ताको माग फारम लिई सो को निकाशा दिई विद्यालयगत निकाशा लेजर राख्नुपर्नेमा माग फारम लिएको पाइएन । साथै विद्यालयगत निकाशा लेजर राखेको छैन । गाउँपालिका अन्तर्गतका विद्यालयमा कार्यरत शिक्षकहरुको अवकाश, राजिनामा र सरुवा विवरण माग भएकोमा गाउँपालिकाबाट उक्त विवरण प्राप्त नहुँदा अवकाश, राजिनामा र सरुवा पश्चात विद्यालयमा तलब भत्ता निकाशा नभएको भन्न एकिन गर्न सकिएन । | |
| २८. | **इ.एम. आइएस. रिपोर्ट :** निम्न भौ.नं. बाट निम्न संख्याका विद्यालयलाई पाठ्यपुस्तक र छात्रवृद्धि बापत रु.१९४७९१४ निकाशा दिएको छ । पाठ्यक्रम र छात्रवृद्धिको निकाशा दिँदा EMIS REPORT अनुसार निकाशा दिनुपर्नेमा लेखापरीक्षणको क्रममा EMIS REPORT प्राप्त नभएकोले निकाशा रकम एकिन गर्न सकिएन रु. | १९४७९१४ |

| भौ.नं.मिति | विद्यालय संख्या | विवरण | रकम |
|---|---|---|---|
| १०१/०७६/१/१२ | ४५ | पाठ्यपुस्तक बापत ७५ प्रतिशत निकाशा | १०२६८०७ |
| १२२/०७६/१/१२ | ३९ | छात्रवृद्धि बापत | ७०२१०० |
| १३५/०७६/३/१२ | - | पाठ्यपुस्तक बापत २५ प्रतिशत निकाशा | २१९००७ |
| | | जम्मा | १९४७९१४ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २९. | **कार्य सम्पन्न र सिफारिस :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा कार्य सम्पन्न प्रतिवेदन बनाउनुपर्ने व्यवस्था छ । गाउँपालिकाले निम्नानुसारका विद्यालयलाई निम्न बमोजिम निकाशा दिएकोमा विद्यालयले उक्त काम सम्पन्न गरेको प्रतिवेदन पेश हुनुपर्नेमा कार्य सम्पन्न प्रतिवेदन पेश भएको छैन । अतः उक्त कार्यको कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ रु. | ५६३०००० |

| विद्यालयको नाम | कार्यक्रम | रकम |
|---|---|---|
| जागृतिम ा.वि केउरीनी | विज्ञान प्रयोगशाला | ६५०००० |
| सृजनशिल मा.वि कुडारी | विज्ञान प्रयोगशाला | ६५०००० |
| खाडादेवी मा.वि नाङ्ग्रे | आइ.सि.टी व्यवस्थापन | ६५०००० |
| सरस्वती मा.वि | आइ.सि.टी व्यवस्थापन | ६५०००० |
| खाडादेवी मा.वि नाङ्ग्रे | पुस्तकालय व्यवस्थापन | ६५०००० |
| प्रभा मा.वि कात्तिके | पुस्तकालय व्यवस्थापन | ६५०००० |
| स्वास्थानी मा.वि | पुस्तकालय व्यवस्थापन | ६५०००० |
| खाडादेवी मा.वि नाङ्ग्रे | प्राविधिकधार विद्यालयको ल्याब व्यवस्थापन | १०८०००० |
| | जम्मा | ५६३०००० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **पुँजिगततर्फ** | |
| ३०. | **बढी भुक्तानी :** गाउँपालिकाले विभिन्न काममा बढी भुक्तानी दिएको निम्नानुसारका रहेका छन् । | |
| ३०.१. | वडा नं. ५ को सिँचाई पोखरी निर्माण बापत उपभोक्ता समितिलाई (कन्टेन्जेन्सी बाहेक) गो.भौ.नं.३२४/०७६/३/१६ बाट रु.४७५००० भुक्तानी दिएको छ । उपभोक्ता समितिसँग मिति २०७६।२।७ मा भएको सम्झौतामा गाउँपालिकाबाट रु.५००००० व्यहोर्ने उल्लेख छ । उक्त योजनाको लागत इस्टिमेट रु.५२७९५६.५७ रहेको छ । स्टिमेट अनुसार नै काम सम्पन्न भएको छ । सम्झौता अनुसार कार्यालयले रु.६००००० को काम सम्पन्न गरेकोमा कन्टेन्जेन्सी बाहेक रु.४७५००० भुक्तानी | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>दिनुपर्दछ । कुल काम रु.५२७९५६.५७ भएको अवस्थामा कन्टेन्जेन्सी बाहेक रु.४१७९६६ भुक्तानी दिनुपर्दछ । अतः बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ रु.</td><td>५७०३४</td></tr>
<tr><td>३०.२.</td><td>निम्नानुसारको आयोजनामा उपभोक्ताले सम्झौता भन्दा कम काम गरेतापनि आफुले व्यहोर्ने पुरै रकम व्यहोरी खर्च लेखेको छ । गाउँपालिकाले योजनाको रकम भुक्तानी दिँदा उपभोक्ताले सम्झौता गरेको अनुपातको आधारमा भुक्तानी दिनुपर्नेमा उपभोक्ताले कम काम गरे पनि गाउँपालिकाले आफ्नो तर्फबाट छुट्याएको पुरै रकम व्यहोरेको छ । उपभोक्ताले कम काम गरेको अवस्थामा गाउँपालिकाले अनुपातिक आधारमा भुक्तानी दिनुपर्नेमा पुरै भुक्तानी दिएकोले बढी भुक्तानी भएको रु.
<table>
<tr><th>भौ.नं.मिति</th><th>कार्यक्रम</th><th>सम्झौता</th><th>सम्झौता मिति</th><th>कार्यालयबाट भुक्तानी</th><th>काम भएको</th><th>स्टिमेट</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>३३/०७६/३/१८</td><td>वडा नं. ४ मा भगवती मन्दिर निर्माण</td><td>५ लाख काम गरे कन्टेन्जे बाहेक रु.२८५००० पाउने</td><td>२०७५/१२/१४</td><td>२८५०००</td><td>३२३९२६</td><td>३२३९२६</td><td>१०३३६२</td></tr>
<tr><td>३५०/०७६/३/२३</td><td>वडा नं.२ मादनकुमारी भालुखोला खानेपानी</td><td>५ लाख ४० हजारको काम गरे कन्टेन्जेन्सी बाहेक रु.४७५०००</td><td>२०७६/१/४</td><td>४७५०००</td><td>५२८५५१</td><td>५२८५५१</td><td>१००७१</td></tr>
<tr><td colspan="7">जम्मा</td><td>११३४३३</td></tr>
</table>
</td><td>११३४३३</td></tr>
<tr><td>३१.</td><td>खेलकुद निकाशा : गाउँपालिकाले सरस्वती मा.वि लाई खेलकुद निकाशा अनुदान भनि गो.भौ.नं.३४६/०७६/३/१९ बाट रु.४००००० निकाशा दिएकोमा निम्नानुसार देखियो ।</td><td></td></tr>
<tr><td>३१.१.</td><td>कुन कुन खेलकुद कुन कुन दिन संचालन भयो र के कति खेलाडीले खेलकुद कार्यक्रममा भाग लिए सो को विवरण र कार्यक्रमको तालिका संलग्न हुनुपर्नेमा स्रेस्तासाथ संलग्न छैन ।</td><td></td></tr>
<tr><td>३१.२.</td><td>डोरी, पाल, खादा, कैचि खरिद गरेको भनि रु.४२००० र पोष्टर प्रचार, ब्यानर बापत रु.३९००० समेत जम्मा रु.७१००० भुक्तानी भएको सेतो कागजमा उल्लेख गरेको छ । सो को बिल संलग्न छैन । कुन पसलबाट कति मिटर डोरी कति खादा, पोष्टर, ब्यानर, कति कैचि कुन दरमा खरिद गरेको हो सो खुलेको छैन । सेतो कागजमा नाम र रकम मात्र उल्लेख छ । अतः उक्त सामान खरिद गरिएको भनि एकिन गर्न सकिएन रु.</td><td>७१०००</td></tr>
<tr><td>३१.३.</td><td>खाना खाजा बापत भनि रु.१५०००० खर्च लेखेको छ । खेलकुद कार्यक्रममा कति मानिस सहभागि भए कतिको दरले खाना, खाजा बापत भुक्तानी भएको हो सो नखुलाइ एकमुष्ट ४ वटा बिल संलग्न गरी खाना खाजा खर्च लेखेको रु.</td><td>१५००००</td></tr>
<tr><td>३१.४.</td><td>चार दिन खेलाडी र जनप्रतिनिधिलाई ओसार पसार गरेको भनि गाडी भाडा बापत उद्धब गौतमलाई रु.७२००० भुक्तानी दिएको छ । कति नम्बर गाडी नं.बाट कति खेलाडीलाई कहाँबाट ओसार पसार गरेको खुल्न नसकेको रु.</td><td>७२०००</td></tr>
<tr><td></td><td>वित्तीय समानिकरण (पूँजीगततर्फ)</td><td></td></tr>
<tr><td>३२.</td><td>उपभोक्ता समितिमार्फत कार्य : यस सम्वन्धमा देखिएका व्यहोरा यसप्रकार रहेका छन् ।</td><td></td></tr>
<tr><td>३२.१.</td><td>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा एक्साभेटर, रोलर, डोजर जस्ता हेभी मेसिनहरु प्रयोग गर्न सकिने छैन हेभी मेसिन प्रयोग गरेको पाइएमा त्यस्तो उपभोक्ता समिति वा लाभग्रही समुदायसंग भएको सम्झौता रद्द गरिनेछ । उपभोक्ता समितिले प्राप्त गरेको कुनै काम निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उपभोक्ता समिति वा लाभग्राही समुदायसंग भएको सम्झौता रद्द गरिने उल्लेख गरेको छ । गांउपालिका भित्र उपभोक्ता समिति मार्फत निर्माण भएको सडक योजनाहरुमा अध्याधिक मात्रमा डोजर, एक्साभेटर जस्ता हेभी मेसिनहरुको प्रयोग गर्ने गरेकोले यस्तो हेभी मेसिन प्रयोग गर्नुपर्ने काम कार्यालयबाट प्रतिस्पर्धाबाट गराउनु उपयुक्त हुने देखिन्छ ।</td><td></td></tr>
<tr><td>३२.२.</td><td>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ मा कार्यालयले उपभोक्ता समितिबाट निर्माण काम गराउन सो उपभोक्ता समिति वा लाभग्राही समुदायको गठन गरेको , उपभोक्ता समितिसंग निर्माण कामको सम्झौता, सम्पन्न कामको उपभोक्ता समितिको भेलाले अनुमोदन गरेको, सार्वजनिक परिक्षण गरेको , निर्माण कामको लागत अनुमान स्वीकृत गरी प्राविधिक कर्मचारीले मुल्यांकन गरेको खर्च विल, भरपाई, खर्च प्रमाणित गर्ने अन्य कागजात समुदायको बैठकबाट अनुमोदन गराउनु पर्नेमा व्यवस्था रहेको छ । कार्यालयले उपभोक्ता समितिबाट सम्पन्न गरेको निर्माण कामको नियममा</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

उल्लेख गरेको बमोजिम प्रमाण पेश गर्नुपर्नेमा सार्वजनिक परिक्षण, अनुगमन निरीक्षण प्रमाण जस्ता आंशिक रुपमा मात्र देखिएकोले यस तर्फ कार्यालयले ध्यान दिनु पर्दछ ।

| भौ.नं. मिति | आयोजनाको नाम रउपभोक्ता समिति | प्राविधिक मुल्यांकन | खंच रकम |
|---|---|---|---|
| १३६। ०७५।१२।१२ | वडा नं ८ घट्टेकुलो भुमेस्थान विता देउराली खा पा | १५८८६३४/८८ | १४२५००० |
| १४९।०७६।१।१२ | वडा नं ४ जनता प्रा वि घुसेनी हुदै चौरीखोला घाट जोडने | ९८१३७१/४२ | ८५५०००/ |
| १६०।०७६।१।१३ | वडा नं ५ भलामेटार सिंचाई पोखरी निर्माण | ९५३८६७/८१ | ८५५०००/ |
| ४२६।०७६।३।३० | वडा नं ३ भालुखोला माझीफेदी खा पा | १०७१२५८/४७ | ९५००००/ |

३२.३. सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा रनिङ विलको भुक्तानी गर्दा प्राविधिक नाप जांच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्न सकिने उल्लेख गरेको छ । निर्माण सम्पन्न भएको कामको रनिङ बिलहरुको अध्यावधिक आईटम वाइज परिमाण उल्लेख गरी राख्नु पर्नेमा प्रत्येक रनिङ बिलको छुट्टा छट्टै प्राविधिक मुल्याकंन गर्ने गरेकोले अन्तिम विल सम्म सम्पन्न भएको कामको जम्मा परिमाण एकिन गर्न नसकिएकोले यस तर्फ पनि सुधार हुन पर्दछ ।

३२.४. सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उप नियम १२ मा निर्माण सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वमित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्नतरण गर्नु पर्ने व्यवस्था गरेको छ। कार्यालयले उपभोक्ता समितिले सम्पन्न गरेको आयोजना नियम अनुसार उपभोक्ता समितिलाई हस्तान्तरण गरेको छैन ।

३२.५. अनुगमन समिति गठन गरेको छैन । योजनाको सम्झौता वडा अध्यक्षबाट गर्ने गरेको छ ।

३२.६. **हेभि मेसिन प्रयोग :** सार्वजनिक खरिद नियमावली,२०६४को नियम ९७ मा उपभोक्ता समितिबाट सञ्चालित हुने निर्माण कार्यमा हेभी मेसिनहरु प्रयोग गर्न सकिने छैन हेभी मेसिन प्रयोग गरेको पाइएमा त्यस्तो उपभोक्ता समितिसंग भएको सम्झौता रद्द गरिनेछ। गांउपालिका अन्तर्गत विभिन्न वडामा संचालित खानेपानी आयोजनाको मुल लागत इष्टिमेटको आधारमा हाल सम्म सम्पन्न कामको विवरण उल्लेख गरेको निर्माण अभिलेख तथा नापी किताब पेश नभएको र आयोजनाको बार्षिक बजेट आधारमा बार्षिक लागत इष्टिमेट बनाई कार्य गर्ने गरेकोले आयोजनाको अवस्था एकिन भएन । उपभोक्ता समितिले गर्न नसकिने डिप बोरिङ जस्तो कार्यमा हेभी मेसिन प्रयोग गरेको देखिन्छ। यस्तो हेभी मेसिनको प्रयोग गर्नुपर्ने काम कार्यालयबाट प्रतिस्पर्धाबाट गराउनु उपयुक्त हुने देखिन्छ। यसका केही उदाहरण निम्न छन् ।

| भो नं मिति | आयोजनाको नाम | हाल भएको कामको विवरण | खर्च रकम |
|---|---|---|---|
| ५।०७६।२।७ (प्रदेश सरकार) | वडा ७ छापटांडी विडथली डिप बोरिङ्ग | १२० मि डिप बोरिङको काम भएको | २४३०३३८। |
| ४।०७६।२।७ (प्रदेश सरकार) | वडा ९ सौराधारा डिप बोरिङ्ग गोठपाटी | १२० मि डिप बोरिङको काम भएको | २४३०३३८। |
| ४०५।०७६।३।२९ | वडा ९ सौराधारा डिप बोरिङ्ग गोठपाटी | ६२०० मि पाईप खरिद तथा जडान | १८०५०००। |
| ४१८।०७६।३।२९ | वडा ४ धुसेनी शिवालय साविक धुसेनी विङगटी | ९१०० मि पाईप खरिद तथा जडान | ९५००००। |
| ४२६।०७६।३।३० | वडा ३ भालुखोला माझीफेदा खा पा | ४५०० मि पाईप खरिद तथा जडान | ९५००००। |
| ३८७।०७६।२९ | वडा ३ माझी फेदा खा पा. | १५०० मि पाईप जडान | १११९३५। |
| ५।०७६।३।३०(निर्वाचन क्षेत्र) | वडा ३ माझी फेदा खा पा. | विभिन्न निर्माण काम भएको | ५७०००००। |

३३. **दररेटः** उपभोक्ता समितिसंग भएको सम्झौता अुनसार सम्पन्न सडक निर्माणमा मेसिनबाट माटो कटिङ्ग गर्नुपर्ने भनी जिल्ला दररेट समितिबाट स्वीकृत दररेट भन्दा फरक दरमा लागत इष्टिमेट तयार गरेको छ । सोही दरमा काम गर्ने गरी उपभोक्ता समितिसंग सम्झौता गरी कार्य सम्पन्न गरेको प्राविधिक मुल्यांकनबाट कायम रकम भुक्तानी गरेकोले गांउपालिकाले जिल्लाको स्वीकृत जिल्ला दररेटको आधारमा लागत इष्टिमेट तयार गर्नुपर्नेमा कार्यालयले स्वीकृत जिल्ला दररेट भन्दा निम्न योजनाहरुमा बढी दरमा इष्टिमेट गरी वढी भुक्तानी गरेको असुल गर्नुपर्ने रु. १२३१९५/९१

| भौ न मिति | योजनाको नाम | कामको विवरण | कामको परिमाण घ मी | भुक्तानी दर (मु अ कर समेत) | जिल्ला दर (मु अ कर समेत) | बढी खर्च |
|---|---|---|---|---|---|---|
| ४३।०७५।१०।४ | नाग्रे गगर्चेको सडक निर्माण टुति कोइली बगर चक्रपथ | नरम माटो<br>साधारण चट्टान<br>मिडियम चट्टान | २७६३.९०<br>१६५८.३४<br>११०५.५६ | ७५/७१<br>१४१/२५<br>४५५/३९ | ७४/२४<br>१३९.३२<br>४५०.५३ | ४०६२.९३<br>३२००.९६<br>५३७३.०२ |
| १६३।०७६।१।१३ | वडा नं ८ चिसापानी आहाल टिमम्रेनी भिमपापाईला सडक | साधारण चट्टान | १३४०१.१५ | ८२.४९ | ७४.२४ | ११०५५९/ |
| | | | | | जम्मा | १२३१९५।९१ |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>३४.</td><td>जिन्सी दाखिला : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ बमोजिम कार्यालयले खरिद गरी प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मुल्य समेत जिन्सी किताबमा सात दिनभित्र आम्दानी बांधी स्रेस्ता अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था गरेको छ । कार्यालयले विभिन्न स्वास्थ्य संस्थाहरुको लागि दिप्सन इन्टरप्राइजेज कोटेश्वरबाट विभिन्न सामाग्री खरिद गरेको भौ नं ८० मिति २०७५।१०।१३ बाट रु.४४९८९८। भुक्तानी गरेको छ । खरिद सामाग्रीहरुको जिन्सीमा आम्दानी बाधेको भएता पनि नियम अनुसार मुल्य नखुलाएकोले मुल्य खुलाउनु पर्ने देखियो । दिप्सन इन्टरप्राइजेजले दररेट पेश गर्दा स्टेक्चरको प्रति रु.४३६७। र स्टील ढली प्रति रु.९७००। मा दिन मञ्जुर गरेकोमा सामान आपुर्ति बिलमा स्टेक्चर प्रति रु.४४२४। ले ५० सेट र स्टील ट्रली प्रति रु.९८३०। ले १८ सेट आपूर्ति गरेकोले कबुल दर भन्दा बढी दरमा भुक्तानी गरेको रु.५१९०। असुल गर्नुपर्ने रु</td><td>५१९०/</td></tr>
<tr><td>३५.</td><td>खर्च शिर्षक : गांउसभाबाट विभिन्न कार्यक्रम तथा योजनाको लागि बजेट विनियोजन गर्दा नै गर्नुपर्ने कामको स्पष्ट उल्लेख गर्नुपर्नेमा योजनाको नाममात्र उल्लेख गरी बजेट विनियोजन भएकोले सो बजेट रकमबाट कहा कस्तो काममा खर्च गरिने भनी उल्लेख नगरेको कारण विभिन्न कार्यमा खर्च गरेको आधारमा कार्यालयले भुक्तानी गरेको सही छ भन्न सकिने आधार भएन ।
<table>
<tr><th>भौ न. मिति</th><th>विनियोजन भएको योजना</th><th>खर्च भएको विवरण</th><th>खर्च रकम</th></tr>
<tr><td>३९५।०७६।३।२९</td><td>वडा नं सरस्वती मा वि छेडा</td><td>प्रयोगशालाको लागि सामाग्री र कर्मचारीको तलब</td><td>१४०००००।</td></tr>
<tr><td>१३४।०७५।१२।१२</td><td>खाडादेवी मा वि</td><td>विभिन्न १९ वटा कार्यमा खर्च</td><td>९०००००।</td></tr>
<tr><td>२२५।०७६।२।१५</td><td>ग्राम विकास मा वि</td><td>लाईव्रेरी , खेलकुद, पर्दा , चकटी र कार्पेट खरिद</td><td>५०००००।</td></tr>
</table></td><td></td></tr>
<tr><td>३६.</td><td>खानेपानी योजना : वडा नं ८ घट्टेकुलो भुमेस्थान विर्ता देउराली खानेपानी उपभोक्ता समितिले सम्पन्न गरेको कामको प्राविधिक मुल्यांकन रु.१५८८६३४।८८ मा जनश्रमदानको अंश कट्टा गरी भौ नं १३६ मिति २०७५।१२।१२ बाट रु.१४२५०००। भुक्तानी गरेको छ। समितिले गरेको प्राविधिक नाप जांचमा ९४०० मिटर एच डि पी पाईप खरिदमा रु.१३२८१६६।, फिटिङ्गमा रु.१२२४६०। र ज्यामी ज्यालामा रु.१३८०००। गरी जम्मा रु.१५८८६३४। मुल्यांकन गरेकोमा देखिएको व्यहोरा निम्न छन ।</td><td></td></tr>
<tr><td>३६.१.</td><td>खानेपानीको लागि पाईप जडान गर्न पाईप लाइनको ट्रेन्च खनेको तथा पुरेको नाप जांच गरेको नदेखाई २०० जना ज्यामीको ज्याला रु.६९०। को दरले १३८०००। खर्च गरेकोले कति मिटर पाईप जडान कार्य सम्पन्न भयो नापीमा उल्लेख नगरेकोले स्पष्ट भएन ।</td><td></td></tr>
<tr><td>३६.२.</td><td>प्रत्येक फिटिङ्गको इकाईगत नाम उल्लेख नगरी १५६ थानको रु.७८५। ले रु.१२२४६०। खर्च गरेकोमा कहांको लागि कुन फिटिङ्ग गरेको उल्लेख नगरेको कारण फिटिङ्ग सामान खरिद स्पष्ट भएन ।</td><td></td></tr>
<tr><td>३६.३.</td><td>उपभोक्ता समितिले खरिद गरेको ९४०० मिटर एच डि पी पाईप कति परिमाण जडान कार्यमा खर्च भएको छ। जडानको नाप जांच परिमाण उल्लेख नगरेकोले सो पाईप कहां कस्तो अवस्थामा रहेको छ स्पष्ट भएन ।</td><td></td></tr>
<tr><td>३७.</td><td>साबुन बनाउने तालिम : शहिद स्मृती समाज नेपालले साबुन बनाउने तालिम संचालन गरी पेश गरेको बिल भरपाईको आधारमा उक्त समाजका अध्यक्ष रीता ढकालले लिएको पेश्की रु.१५०००। फछ्र्यौट गरी भौ नं १४०।२०७५।१२।२१ बाट रु. ५०००००। खर्च गरेकोमा देखिएको व्यहोरा निम्न छन ।</td><td></td></tr>
<tr><td>३७.१.</td><td>कार्यालयले कार्यक्रम संचालनको लागि तालिम सम्वन्धी अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका बमोजिम तालिमको लागत अनुमान तयार गर्नुपर्नेमा सो लागत अनुमान तयार गरेको छैन ।</td><td></td></tr>
<tr><td>३७.२.</td><td>तालिम आवासिय भएकोले विहान, बेलुका खाना र दिवा खाजा समेत रु.८५० को दरले रु.२०८२५०। खर्च गरेको देखियो पुनः प्रति प्रशिक्षार्थी दैनिक रु.३००। ले ३० जनाको ७ दिन सम्मको यातायात खर्च भनी रु.६३०००। खर्च गरेको भरपाई पेश गरेको छ । आवासिय तालिममा सहभागी प्रशिक्षार्थीहरुलाई दैनिक यातायात खर्च दिनु नपर्ने भएकोले तालिममा आउदा फर्कदाको एक पटकको यातायात खर्च रु.३००। ले ३० जनाको रु.९०००। सम्म खर्च गर्न मिल्ने भएकोले बढी यातायाता खर्च गरेको रु.५४०००। असुल गर्नु पर्ने रु.</td><td>५४०००/</td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३७.३. | तालिमको अनुगमन भनी प्रति रु.२०००। ले ७ दिनको रु.१४०००। खर्च गरेको छ गांउपालिकाको भवनमा नै संचालन गरेको कार्यक्रममा अनुगमन खर्च गर्न मिल्ने नदेखिएको रु. | १४०००/ |
| ३८. | **बढी भुक्तानी :** वडा नं ४ जनता प्रा वि घुसेनी हुदै चौरीखोला घाट जोडने सडक निर्माण उपभोक्ता समितिबाट भएको कामको प्राविधिक मुल्यांकन अनुसार रु.९८१३७१।४२ मा जनश्रमदानको अंश रु.१७१३७१।४२ कट्टा गरी रु.८१००००। मात्र समितिलाई भुक्तानी गर्नुपर्नेमा भौ नं १४९।२०७६।१।१२ बाट रु.८५५०००। भुक्तानी गरेकोले रु.४५०००। बढी भुक्तानी भएको असुल गुनपर्ने रु. | ४५०००/ |
| ३९. | **बढी भुक्तानी :** वडा नं ५ ढुंगानाटोल देउपोखरी सडक निर्माण उपभोक्ता समितिले सम्पन्न गरेको कामको प्राविधिक मुल्यांकन मु अ कर समेत रु.३२४२९५।८३ मा जनश्रमदानको अंश रु.४८७९५। कट्टा गरी रु.२२७५००। भुक्तानी गरेकोमा समितिले पेश गरेको माटो कटिङ गरेको दोरम्वा निर्माण एण्ड सप्लायर्सको मु अ कर समेतको विल अनुसार रु.२७८८३८। मात्र भएकोले विल भन्दा भौ.नं १६३।२०७६।१।१३ बाट रु.४५४५७।८३ (मु अ कर समेत) बढी भुक्तानी गरेको जनश्रमदानको अंश रु.६८३२।३१ कट्टा गरी हुने रु.३८६२५।५१ असुल गर्नुपर्ने रु. | ३८६२५/५१ |
| ४०. | **विद्यालय सामग्री खरिद :** वडा नं ४ को ग्राम विकास मा वि को लागि विनियोजन भएको रु.५००००। बाट विद्यालयको लाईव्रेअरी सामाग्री, पुस्तकहरु, खेलकुदका सामाग्री, कक्षा व्यवस्थापनका सामाग्री र विज्ञापन पत्रपत्रिका आदी सामाग्री खरिद गरेको भनी भौ नं २२५।२०७६।२।१५ बाट रु.५०००००। खर्च गरेकोमा देखिएको व्यहोरा निम्न छन् । | |
| ४०.१. | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ बमोजिम कार्यालयले खरिद गरी प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बांधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था गरेको छ । विभिन्न सामाग्रीहरु आपूर्ति गर्ने ज्ञानमाला सदन काठमाण्डौले लाइब्रेरी किताबहरु एकमुष्ट रु.२०४०००। र खेलकुदका सामाग्रीहरु एकमुष्ट रु.८००००। उल्लेख गरेकोमा २ थान विल अनुसार विद्यालयलाई भुक्तानी गरेकोमा विद्यालयको लागि खरिद गरेको किताब तथा खेलकुदको सामाग्रीहरु प्रति इकाइ र मुल्य समेत खुलेको हुनुपर्नेमा सो नखुलेको कारण खरिद सामाग्री एकिन भएन साथै उक्त सामाग्रीहरु विद्यालयको जिन्सी दाखिलामा समेत एक मुष्ट नै उल्लेख गरेकोले नियम अनुसार विवरण र मुल्य खुलाएको पाइएन । | |
| ४०.२. | ज्ञानमाला सदन काठमाण्डौबाट ५३ थान पर्दा रु.१०६०००।,चकटी ५० थान रु.५००००। र कार्पेट ६ कोठा ८००००। र विज्ञापन रु.१८०००। उल्लेख गरेको ४ थान विलको विद्यालयलाई भुक्तानी गरेको छ । विद्यालयको लागि आवश्यकताको आधारमा मात्र सामाग्री खरिद गर्नुपर्नेमा विद्यालयले आबश्यक भएको आधार पेश भएन । कार्पेट ६ कोठाको लागि भनी रु.८००००। र विज्ञापनमा रु.१८०००। खर्च गरेकोमा ६ कोठाको लागि कति कार्पेट आवश्यक परेको हो नाप सहितको परिमाण उल्लेख गर्नुपर्नेमा उल्लेख नभएको कारण खरिद परिमाण एकिन भएन । नियम अनुसार खरिद सामग्रीहरु विवरण र मुल्य खुलाई जिन्सी आम्दानी बांधनुपर्नेमा एकमुष्ट आम्दानी बाधेको निमित्त प्रमुख प्रशासकिय अधिकृतले मात्र हस्ताक्षर गरेको दाखिला प्रतिवेदन पेश गरेकोले नियम अनुसार सामाग्री दाखिला गरेको देखिएन । | |
| ४१. | **कारण पेश :** गाउंपालिकाको स्वीकृत विनियोजन बजेट अनुसार विभिन्न खानेपानी योजनाहरुको लागि खरिद गरेको विभिन्न किसिमको एच डि पि पाईपहरु सम्वन्धित योजनामा प्रयोग गरेको हुनपर्नेमा आर्थिक वर्षको अन्त्य सम्म पनि प्रयोग नहुने पाईप खरिद गरी मौज्दात राख्नुपर्नाको उचित कारण पेश गर्नुपर्ने देखिन्छ । | |

| भौ न मिति | आयोजनाको नाम | खरिद पाईपको परिमाण | खरिद रकम | श्रमदान पछिको खर्च |
|---|---|---|---|---|
| २४७।०७६।३।१ | वडा नं ५ जुवाने लिफिङ्ग खा पा आ | ११०८ मिटिर | ५३६६४५/ | ४४३८०५/ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४२. | **बढी भुक्तानी :** वडा नं.८ देउराली मा वि विर्तादेउरालीको विनियोजन बजेट अनुसार ग्राउण्ड निमार्ण गरेको प्राविधिक मुल्यांकन रु.६,३३,३६८। मा श्रमदानको अंश रु.६३३६८। कट्टा गरी रु.५७००००। मात्र उपभोक्ता समितिलाई भुक्तानी गर्नुपर्नेमा भौ.न.२८०।०७६।३।४ बाट रु.५७५०००। भुक्तानी गरेकोले रु.५०००। बढी भुक्तानी गरेको असुल गर्नुपर्ने रु. | ५०००/ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४३. | **लिफ्टिङ खानेपानी योजना :** वडा नं ६ चौरीखोला पाथीभरा लिफटिङ्ग खानेपानी आयोजनाको उपभोक्ता समितिबाट सम्पन्न कामको प्राविधिक मुल्यांकन रु.८०,८२,९७८।९५मा श्रमदानको अंश रु.८१५४७८।९५ कट्टा गरी भौ नं ४१६।२०७६।३।२९ बाट रु.७२६७५००। भुक्तानी गरेकोमा देखिएको व्यहोरा निम्न छन् । | |
| ४३.१. | उपभोक्ता समितिले ४ र ३ इन्चको जि आई पाईप ३६००० मिटर खरिद गरी रु.५३९६६५४। खर्च गरकोमा सो पाईप जडान गर्न ७५ वटा एङकरी ब्लक निर्माणमा रु.६५१६६० र उक्त पाईप जडानमा रु.६६८८१२। खर्च गरेको छ । यस लिफटिङ्ग आयोजनाको मुल लागत इष्टिमेटको आधारमा , हाल सम्म सम्पन्न कामको विवरण उल्लेख गरेको निर्माण अभिलेख तथा नापी किताब पेश नभएको र आयोजनाको बार्षिक बजेटको आधारमा लागत इष्टिमेट बनाई कार्य गरेकोले आयोजनाको अवस्था एकिन भएन । | |
| ४३.२. | उपभोक्ता समितिले पेश गरेको मुल्यांकन बिलमा यस वर्ष खरिद सवै जि आई पाईप एङ्गरी ब्लक बनाई जडान कार्य गरेको देखिन्छ । प्राविधिक मुल्यांकन विलमा पुनः पाईपलाई जमिन मुनी गाड्न पाईप लाईनको ट्रेन्च खनेको र पुरेको भनी ५००० मिटर ट्रेन्च खन्ने पुर्ने कामको रु.११,१९,३५२। खर्च गरेकोले यस कार्यको लागि पाईप खरिद गरेको वा अन्य स्रोतबाट प्राप्त भएको आधार प्रमाण विना नै पाईप लाईन खन्ने पुर्ने कामको खर्च गरेको छ । | |
| ४४. | **पाइप खरिद :** वडा नं ३ एकिकृत खानेपानी योजना साविक माझिफेदी एक घर एक धारा अन्तर्गत उपभोक्ता समितिले विभिन्न फिटिङ्ग खरिद गरेको तथा १५०० मिटर पाईप लाईनको लागि ट्रेन्च खन्ने पुर्ने गरेको भनी भौ. नं ३८७।२०७६।३।२९ बाट रु.१,११,९३५। खर्च गरेकोमा यो वर्ष आयोजनाको लागि पाईप खरिद नगरेको अवस्थामा पाईप जडानको लागि ट्रेन्च खन्ने पुर्ने गरेकोले पाईप खरिद तथा प्राप्त आधार प्रमाण पेश गर्नुपर्ने रु. | १११९३५/ |
| ४५. | **जिन्सी दाखिला :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ बमोजिम कार्यालयले खरिद गरी प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बांधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था गरेको छ । भौ न.३९२ मिति २०७६।३।२९ बाट प्रभा बहुमुखी क्याम्पसको विज्ञान संकायको लागि ¥¥¥ी:क. क्भचखभच क्षछ डन्ग्य च्क. ध्ष्तज द्रलमचयष्म एचयवभअतयच प्लदगर्षत क्उभपभच..।ँ थानको मु अ कर समेत रु.४५२०००। भुक्तानी गरेकोमा नियम अनुसार सो सामान क्याम्पसको जिन्सी किताबमा आम्दानी बाधेको प्रमाण पेश गर्नुपर्ने रु. | ४५२०००/ |
| ४६. | **अभिलेख :** वडा नं.४ धुसेनी शिवालय साविक धुसेनी विङगटी खानेपानी आयोजना ध्द्धल को रु.१०८६०७७।४२ र गांउपालिकको रु ३९०३४९७।३१ को समेत रु४९८९५६४।७३ संयुक्त लगानीमा संचालन भएकोमा यो वर्ष कार्यालयले ९१०० मिटर पाईप खरिद र जडान गरी रु.९५००००। खर्च गरेको छ । यस आयोजना कहिले शुरु भई हालसम्मको भएको कार्य विवरण र खर्चको अभिलेख राख्नु पर्नेमा राखेको देखिएन । | |
| ४७. | **भालुखोला खानेपानी योजना :** भालुखोला माझीफेदा खानेपानी योजनाको उपभोक्ता समितिले सम्पन्न गरेको प्राविधिक मुल्यांकन रु.१०७१२५८।४७ मा जनश्रमदानको अंश कट्टा गरी भौ.नं.४२६।२०७६।३।३० बाट रु.९५००००। भुक्तानी गरेकोमा देखिएको व्यहोरा निम्न छन् । | |
| ४७.१. | सम्पन्न कामको प्राविधिक मुल्यांकन अनुसार २० र २५ मि मि साईजको २१६० मिटर पाईप जडान गर्न प्रति रु.६९।४७ दर कायम गरी रु.१,५०,०५५।२० समितिलाई भुक्तानी गरेको छ । गांउपालिकाबाट स्वीकृत दरविश्लेषण अनुसार सो साइजको पाईप जडान गर्न प्रति मिटर रु.३।११ मात्र उल्लेख गरेको छ । प्राविधिक मुल्यांकनमा प्रति मिटर रु.६६।३६ ले बढी हुने गरी समितिलाई भुक्तानी गरेको रु.१,४३,३३७।६० असुल गर्नुपर्ने रु. | १४३३३७.६० |
| ४७.२. | उपभोक्ता समितिले सम्पन्न गरेको निर्माण विलमा ४५०० मिटर पाईप जडानको लागि ट्रेन्च खन्ने पूर्ने काम भएको रु.३३५८०५।७५ प्राविधिक मुल्यांकन भएको छ सोही विलमा २१६० मिटर मात्र पाईप जडान गरेको भनी रु.१५००५५। मुल्यांकन गरेकोले पाईप जडानको लागि ट्रेन्च खनेको परिमाण भन्दा घटी परिमाणमा पाईप जडान गरेको कारण स्पष्ट नगरेकोले स्पष्ट भएन । | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>४८.</td><td>जिआइ पाइप : उपभोक्ता समितिले आपुर्तिकर्ता कृष्ण हार्डवेयर बनेपाबाट जि आई पाईप ६ पिस, गेट भल्व १६ मिटर, सकेट ५ पिस, र केही फिटिङ समेतको रु.७१४५९१। खर्च भएको २ थान बिल पेश गरको छ भने प्राविधिक मुल्यांकन बिलमा समितिले खरिद नगरेको २० र २५ साईजको एच डि पि पाईप खरिद गरेको भनी रु.१८१९७५। उल्लेख गरेको छ । तसर्थ समितिले गरेको खरिद आइटम परिमाण र प्राविधिक मुल्यांकनको आइटममा फरक भएकोले वास्तविक खरिद एकिन गर्न सकिएन । यस तर्फ कार्यालयले ध्यान दिई फरक पर्नाको कारण पेश गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>वित्तीय प्रदेश सरकार पूँजीगततर्फ</td><td></td></tr>
<tr><td>४९.</td><td>नापजाँच : वडा नं १ सुर्योदय मा वि को २२ थान झ्याल र ९ थान ढोका निर्माणको प्राविधिक मुल्यांकन अनुसार २४७.१ घ फि निर्माण गरेको प्राविधिक मुल्याकंन अनुसार रु.२२९४।५० को दरले रु.७३९९४०।९५ मा जनश्रमदानको अंश रु.१६९९४०।९५ कट्टा गरी भौ.नं ३।२०७६।१।३ बाट रु.५७००००। भुक्तानी गरेको छ। प्राविधिक मुल्यांकनमा प्रति घ फि को रु.२२९४।५० दर के कसरी कायम गरेको हो आधार नभएकोले दर विश्लेषण पेश गर्नुपर्ने नाप जांचको परिमाण समेत नमिलेको कारण सहित प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>विवरण</th><th>संख्या</th><th>लम्वाई</th><th>चौडाई</th><th>जम्मा</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>ढोका</td><td>९</td><td>४</td><td>७</td><td>७१.७४</td><td></td><td></td></tr>
<tr><td>झ्याल</td><td>२२</td><td>४</td><td>६</td><td>१७५.३६</td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>२४७.१० घ फि</td><td>२९९४।५०</td><td>७३९९४०।९५</td></tr>
</table></td><td>५,७०,०००</td></tr>
<tr><td>५०.</td><td>पेश्की: आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ११३ मा आर्थिक वर्षको अन्त्य सम्ममा पेश्की फछ्र्यौट गर्नु पर्ने व्यवस्था रहेकोमा देहाय अनुसार फछ्र्यौट गर्न बाँकी पेश्की देखिएकोले उक्त नियम अनुसार असुल फछ्र्यौट गर्नुपर्ने रु.
<table>
<tr><th>सि.नं</th><th>भौ.नं. मिति</th><th>पेश्की लिनेको नाम</th><th>गर्ने कामको विवरण</th><th>पेश्की रकम</th></tr>
<tr><td>१.</td><td></td><td>स्वा.स तेज बहादुर घिसिङ</td><td></td><td>११००</td></tr>
<tr><td>२.</td><td>राजश्व बाँडफाँड</td><td>राजु आले तामाङ वडा अध्यक्ष</td><td></td><td>२२४०००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२२५१००</td></tr>
</table></td><td>२२५१००</td></tr>
<tr><td></td><td>बेरुजु तथा संपरिक्षण : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ। सोही ऐनको दफा ८४(२)(घ) बमोजिम वेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था गरेको छ । गाउँपालिकाले गत वर्षसम्मको बेरुजूको अद्यावधिक स्थिति सम्बन्धी विवरण उपलब्ध गराएको छैन । बेरुजु फछ्र्यौट गरेको प्रमाण तथा सम्परीक्षण सम्बन्धी अनुरोध प्राप्त भएन ।</td><td></td></tr>
</table>

अनुसूची - १

# चौरीदेउराली गाउँपालिकाको सञ्चित कोष विवरण

२०७५/७६

**प्रदेश :- बागमती**

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | चौरीदेउराली गाँउपालिका | काभ्रेलाञ्चोक | ३६१७४ | ८४२१२ | २८०१२१ | ७०५६१ | ४३४८९४ | २४०१९४ | १६४५६४ | २०६८५ | ४२५४४३ | ४५६२६ |

अनुसूची– २

# बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

**आर्थिक वर्ष २०७५/७६**

(रु.हजारमा)

| सिन. | स्थानीय तहको नाम | जिल्ला | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा स)ख्या | | रकम | दफा स)ख्या | | रकम | दफा स)ख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात | राजश्व लगत | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | चौरीदेउराली | काभ्रेपलाञ्चोक | ५५ | ४६ | २७३५१ | ० | १२ | २९३३ | ५५ | ३४ | २४४१८ | ८०२९ | ५६५६ | १०५०८ | ० | ० | १६१६४ | २२५ | ० | २२५ |

अनुसूची -३

# अद्यावधिक वेरुजू स्थिति

(रु. हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बाँकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाँकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | ६३८४५ | ० | ६३८४५ | ० | २४४१८ | ८८२६३ |